राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २७७ २०८३ वैशाख २८ गते सोमवार (11 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## डोजर अभियानविरुद्ध धनुषा महोत्तरीमा सुकुमवासीको प्रदर्शन




दैनिक समाचारदाता
जनकपुरधाम, २७ वैशाख । सरकारी तथा ऐलानी जग्गामा रहेका बस्ती हटाउने सरकारी तयारीको विरोध गर्दै धनुषा र महोत्तरीमा सुकुमवासी, दलित तथा अव्यवस्थित बसोवासीहरूले प्रदर्शन गरेका छन् ।

राष्ट्रिय भूमि अधिकार मञ्चको नेतृत्वमा धनुषाको ढल्केबर र महोत्तरीको बर्दिबासमा आयोजित प्रदर्शनमा ठूलो सङ्ख्यामा भूमिहीन तथा सुकुमवासी परिवार सहभागी भएका थिए । प्रदर्शनकारीहरूले "उठीवास बन्द गर", "भूमि र आवासको अधिकार सुनिश्चित गर", "डोजर आतंक बन्द गर" तथा "सुकुमवासीलाई सुरक्षित आवास सुनिश्चित गर" लगायतका नारासहित सरकारको ध्यानाकर्षण गराएका थिए ।

ढल्केबरमा प्रदर्शनपछि आयोजित कोणसभालाई सम्बोधन गर्दै भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य इच्छाराम परियारले सुकुमवासी बस्तीमा डोजर नचलाउन सरकारसँग आग्रह गरे । उनले सुकुमवासी व्यवस्थापनसम्बन्धी सरकारी नीति सकारात्मक भए पनि व्यवस्थापन नगरी जबर्जस्ती उठीवास गराउनु उचित नभएको बताए ।

'सुकुमवासीको घरमा डोजर चलाउनुभन्दा पहिले व्यवस्थापन गर्नुपर्‍यो । बसोवास गरिरहेको जग्गाकै लालपुर्जा उपलब्ध गराउन सरकारलाई हाम्रो आग्रह छ,' उनले भने ।

मिथिला नगरपालिका-३ दिनाभद्री सुकुमवासी टोलका गोविन्द सदाले पनि बस्तीमा डोजर नचलाउन र लालपुर्जा उपलब्ध गराउन माग गरे ।

यस्तै, महोत्तरीको बर्दिबासमा भप्सी खोलाबाट सुरु भएको प्रदर्शन मुख्य बजार क्षेत्र परिक्रमा गर्दै सिन्धुली रोड चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।कोणसभालाई सम्बोधन गर्दै भूमि अधिकार मञ्चका केन्द्रीय महासचिव फौदसिंह स्याङ्गवाले वर्षौंदेखि बसोवास गर्दै आएका भूमिहीन परिवारलाई विस्थापित गर्नु मानव अधिकारविपरीत भएको बताए । उनले वास्तविक सुकुमवासी अहिले असुरक्षित र त्रसित अवस्थामा बाँच्न बाध्य भएको उल्लेख गर्दै जबर्जस्ती बस्ती हटाउने कार्य रोक्न सरकारसँग माग गरे ।

राष्ट्रिय भूमि अधिकार मञ्च महोत्तरीका अध्यक्ष नेत्रबहादुर कार्की (बलराम)ले वैकल्पिक व्यवस्था नगरी उठीवास गराउने कार्य उचित नभएको बताउँदै बसोवास गरिरहेको स्थानकै लालपुर्जा उपलब्ध गराएर मात्र व्यवस्थापन प्रक्रिया अघि बढाउनुपर्ने धारणा राखे ।

## दुई दिनभित्र एसईईको नतिजा




दैनिक समाचारदाता
काठमाडौं २७ वैशाख । राष्ट्रिय परीक्षा बोर्डले माध्यामिक शिक्षा परीक्षा (एसईई) को नतिजा दुईदिनभित्र सार्वजनिक गर्ने तयारी गरेको छ । परीक्षा भएको १ महिनाभित्र नतिजा सार्वजनिक गर्न लागेको बोर्डले इन्ट्रीको काम सकेर कुनै त्रुटि हुन नदिन रुजुको काम गरिरहेको छ ।

'नतिजा सार्वजनिकको नजिक आइपुगेका छौँ । पर्सिसम्म आउँछ । आइटीले काम गरिरहेको छ,' परीक्षा नियन्त्रक टुकराज अधिकारीले भने, 'त्रुटि नहुनेगरी नतिजा सार्वजनिक गर्छौं ।' यसपटक परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरिएकाले छिटो नतिजा सार्वजनिक गर्न लागिएको हो ।

'शिक्षक साथीहरूको राम्रो सहभागिता रह्यो । परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण भयो । रणनीति परिवर्तन हुँदा नतिजा छिटो सार्वजनिक गर्न लागेका हौँ,' नियन्त्रक अधिकारीले भने । आइटीले काम सकेपछि बोर्ड बैठक बोलाउने तयारी छ । बोर्ड बैठक बसेपछि नतिजा सार्वजनिक गरिनेछ ।

'आईटीले काम सकियो भनेपछि बोर्ड बैठक बस्छ,' उनले भने । एसईई परीक्षा गत चैत १९ देखि २९ सम्म सञ्चलान भएको थियो । यसवर्ष परीक्षामा ५ लाख १२ हजार ४२१ जना विद्यार्थीले फारम भरेका थिए । जसमा नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षाका लागि फारम भरेका थिए । जसमा दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य ७ जना छन् ।

## अभिनेता विजय तमिलनाडुको मुख्यमन्त्री



एजेन्सी/चेन्नई २७ वैशाख । दक्षिण भारतीय चर्चित अभिनेता तथा राजनीतिज्ञ विजय तमिलनाडुको नयाँ मुख्यमन्त्री बनेको दाबी गरिएको छ । तमिलगा वेत्री कडगम (टीभीके) का प्रमुख विजयले आइतबार बिहान तमिल भाषामा पद तथा गोपनीयताको सपथ लिएको बताइएको हो ।

सपथ ग्रहण कार्यक्रममा

*बाँकी पृष्ठ३ मा*

## लागुऔषधको निहुँमा पोखरामा ग्याङ फाइट, ६ जना पक्राउ



दैनिक समाचारदाता
काठमाडौं २७ वैशाख । पोखरामा ग्याङ फाइट भएको छ । ग्याङ फाइट गरेको आरोपमा प्रहरीले ६ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा पोखराको बाँझपाटन बस्ने २७ वर्षीय सुजन आले मगर, सोही ठाउँ बस्ने २३ वर्षीय राजेश परियार, गोरखा घर भई पोखरा बस्ने ३० वर्षीय दीपेश भनिने दिलेराम गुरुङ, नुवाकोट घर भई पोखरा बस्ने १८ वर्षीय सुजन तामाङ, नुवाकोट घर भई पोखरा बस्ने २५ वर्षीय राजकुमार तामाङ र पोखराकै २० वर्षीया लिजा पुन छन् ।उनीहरूले २२ वैशाख राति साढे ९ बजेतिर पोखराको बाग्लुङ बसपार्कमा ग्याङ फाइट गरेको प्रहरीले बताएको छ । उक्त भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि प्रहरीले खोजी गरेर उनीहरूलाई पक्राउ गरेको हो । झै-झगडाको मुख्य कारण लागुऔषध रहेको कास्कीका डीएसपी हरि बस्नेतले बताए ।

## उपत्यकामा नौ महिनामा ४६३१ सवारी दुर्घटना, १७४ जनाको मृत्यु





दैनिक समाचारदाता
काठमाडौं २७ वैशाख । काठमाडौं उपत्यकामा चालु आर्थिक वर्षको नौ महिनाको अवधिमा ४ हजार ६३१ सवारी दुर्घटना भएका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथका अनुसार गत साउनदेखि चैत मसान्तसम्म भएका दुर्घटनामा १७४ जनाको मृत्यु भएको छ ।


उक्त अवधिमा १८६ जना गम्भीर घाइते भएका छन् भने ४ हजार ९२७ जना सामान्य घाइते भएको कार्यालय प्रमुख तथा एसएसपी नवराज अधिकारीले जानकारी दिए ।

दुर्घटनामा मृत्यु हुनेमध्ये ७ जना १६ वर्षमुनिका रहेका छन् । यस्तै, १६ देखि ३५ वर्ष उमेर समूहका ८६ जना तथा ३६ वर्षमाथिका ८१ जनाको मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# भ्रमण स्थगितले दिएको कूटनीतिक सन्देश

भारतीय विदेश सचिव विक्रम मिस्रीको नेपाल भ्रमण अन्तिम समयमा स्थगित हुनु सामान्य प्रशासनिक घटना मात्र होइन, यसले नेपाल-भारत सम्बन्धको संवेदनशील अवस्थालाई पुनः उजागर गरेको छ। औपचारिक घोषणा नभए पनि दुवै देशका कूटनीतिक वृत्तमा भ्रमणको तयारी भइरहेको थियो। प्रधानमन्त्री बालेन्द्र शाहलाई भारत भ्रमणको निमन्त्रणा दिने उद्देश्यसहित हुन लागेको भनिएको यो भ्रमण रोकिएसँगै विभिन्न आशंका र राजनीतिक व्याख्या सुरु भएका छन्।

भ्रमण स्थगित हुनुको मुख्य कारणका रूपमा फेरि एकपटक लिपुलेक सीमा विवादलाई हेरिएको छ। नेपाल र भारतबीचको सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र भौगोलिक रूपमा निकट भए पनि सीमा विवादले बेला-बेलामा विश्वासको वातावरण कमजोर बनाउने गरेको छ। लिपुलेक, कालापानी र लिम्पियाधुरा सम्बन्धी विवाद नेपालका लागि राष्ट्रिय स्वाभिमानसँग जोडिएको विषय हो भने भारतले पनि आफ्नो रणनीतिक दृष्टिकोणबाट यसलाई हेर्दै आएको छ। यही संवेदनशीलताबीच उच्चस्तरीय भ्रमण स्थगित हुनु स्वाभाविक कूटनीतिक संकेतका रूपमा बुझिएको छ।

नेपालको परराष्ट्र मन्त्रालयले भने भ्रमण स्थगित हुनु र सीमा विवादबीच कुनै सम्बन्ध नरहेको दाबी गरेको छ। तर, यथार्थ के हो भने कूटनीतिमा समय, परिस्थिति र सन्देश अत्यन्त महत्त्वपूर्ण हुन्छन्। जब कुनै भ्रमण अन्तिम समयमा रोकिन्छ, त्यसले स्वाभाविक रूपमा सम्बन्धमा असहजता रहेको संकेत दिन्छ। त्यसैले यसलाई केवल "तालिका नमिलेको" वा "प्राविधिक कारण" भन्दै सामान्यीकरण गर्नु पर्याप्त हुँदैन।

अर्कोतर्फ, भ्रमण स्थगित हुनु आफैंमा दुःखद पक्ष पनि हो। पूर्वराजदूत नीलाम्बर आचार्यले भनेझैं नेपाल-भारत सम्बन्धलाई निरन्तर संवाद र सम्भारको आवश्यकता छ। दुई देशबीच मतभेद हुन सक्छन्, तर संवाद रोकिनु हुँदैन। झन् सीमा विवादजस्ता संवेदनशील विषय समाधान गर्न भेटघाट र कूटनीतिक वार्ता अझ आवश्यक हुन्छ। संवादहीनताले शंका बढाउँछ, समाधान होइन।

अन्तर्राष्ट्रिय मामिलाका जानकार टीका ढकालले पनि विदेश सचिवस्तरीय भ्रमण रोकिनु सामान्य कुरा नभएको बताएका छन्। वास्तवमा विदेश सचिव कुनै साधारण अधिकारी होइनन्। उनीहरू दुई देशबीचको कूटनीतिक सम्बन्धका मुख्य सेतु हुन्। यस्ता भ्रमणहरू केवल औपचारिकता होइनन्, विश्वास निर्माणका माध्यम पनि हुन्। त्यसैले यस्ता भेटघाट रोकिँदा त्यसको असर दीर्घकालीन सम्बन्धमा समेत पर्न सक्छ।

नेपालले पनि यहाँ आत्मविश्लेषण गर्न जरुरी छ। राष्ट्रिय स्वाभिमानको रक्षा गर्दै छिमेकीसँग सन्तुलित सम्बन्ध कायम राख्नु परिपक्व कूटनीतिको आधार हो। जनभावना, राजनीतिक दबाब र कूटनीतिक व्यवहारबीच सन्तुलन कायम गर्न नसक्दा सम्बन्ध अनावश्यक तनावतर्फ धकेलिन सक्छ। सीमा विवाद उठाउनु नेपालको अधिकार हो, तर त्यसको समाधान संवादमार्फत नै सम्भव हुन्छ भन्ने यथार्थ बिर्सन हुँदैन।भारतका लागि पनि नेपाल केवल छिमेकी राष्ट्र मात्र होइन, सांस्कृतिक र रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण साझेदार हो। त्यसैले भारतले नेपालका संवेदनशील मुद्दाप्रति थप गम्भीरता र सम्मान देखाउन आवश्यक छ। साना राष्ट्रका चासोलाई बेवास्ता गर्ने प्रवृत्तिले दीर्घकालमा विश्वास कमजोर बनाउँछ।

हाल भ्रमण स्थगित भए पनि दुवै देशले संवादको ढोका खुला राख्नुपर्छ। भ्रमण ढिलो हुन सक्छ, तर सम्बन्ध चिसिनु हुँदैन। नेपाल-भारत सम्बन्ध भावनात्मक पनि छ, रणनीतिक पनि। त्यसैले असहज अवस्थालाई संवाद, संयम र परिपक्व कूटनीतिबाट नै समाधान गर्न सकिन्छ। यही अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो।

# कस्ता विश्वविद्यालय बनाउन चाहन्छ बालेन सरकार ?



डा.रमा पौडेल

सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विषेश व्यवस्था गर्न बनेको अध्यादेश, २०८३ जारी भएपछि विश्वविद्यालयहरूमा रिक्त उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिको हालै प्रकाशित सूचना देखेपछि मनमा प्रश्न उठ्यो, 'उपकुलपति भनेको के हो ? यसको योग्यता र छनोट प्रक्रिया कस्तो हुनुपर्छ ? हालै प्रकाशित सूचनाअनुसार १० दिनभित्र आवेदन पेस गरेर कस्ता उपकुलपति छनोट होलान् ?'

कुलपति शब्द संस्कृत शब्द कुल अर्थात् समूह र पति भन्नाले त्यस समूहको नेतृत्वकर्ता भन्ने बुझिन्छ। करिब ५ हजार वर्ष पहिलेका पुराणहरूमा कुलपतिलाई यसरी परिभाषित गरेको पाइन्छ।

मुनीनां दशसाहस्रं योऽन्नपानादिपोषणात्।
अध्यापयति विप्रर्षिरसौ कुलपतिः स्मृतः॥

अर्थात् जसले १० हजार मुनि वा विद्यार्थीहरूलाई निःशुल्क अन्न, जल र आवासको व्यवस्था गरेर अध्यापन गराउँछन्, त्यस्ता महान् विप्रर्षि वा विद्वानलाई कुलपति भनिन्छ।

यसरी पूर्वीय दर्शन हेर्ने हो भने कुलपति वा उपकुलपति बन्नु कुनै खास प्राज्ञिक योग्यता मात्र नभई ज्ञान, सेवा, करुणा, स्रोत-साधन र समर्पणले योग्य हुनुपर्ने व्यक्तित्व जनाउँछ।

सनातनी सभ्यता र इतिहासमा रुचि भएका र नेपालमा भएका सबैजसो विश्वविद्यालयका कुलपति प्रधानमन्त्री बालेन शाहले कस्ता विश्वविद्यालयहरू बनाउन खोजेका हुन् ? उहाँकै रुचिअनुसार रिक्त भएका उपकुलपतिका पदहरूमा सरकारले कस्ता व्याक्तित्व ल्याउन खोजेको हो ?

५ वर्षका लागि शक्तिशाली जनादेश पाएका विश्वविद्यालयका कुलपति शाहको उच्च शिक्षाप्रतिको प्रष्ट दृष्टिकोण के हो भन्ने कुरा थाहै नपाई १० दिनको मात्रै समय राखेर आवेदन माग गर्दा, विश्वविद्यालय विकासको लागि उपकुलपतिका आवेदकले कस्तो दृष्टिकोण बनाउलान् ? शिक्षा मन्त्री वा प्रधानमन्त्री सरोकारवालासँग यो विषयमा छलफल किन गर्न चाहँदैनन् ? प्राज्ञिक क्षेत्रमा यो विषयमा किन मौनता छाएको छ ?

उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधिलाई आधार मान्ने हो भने, यो कार्यविधिले नियुक्ति प्रक्रियामा पारदर्शिता र योग्यतामा आधारित रहेर प्रतिस्पर्धी नेतृत्व खोजी गर्ने प्रयास गर्न खोजेको भए तापनि एकै पटक देशका मुख्य विश्वविद्यालयमा रिक्त पदाधिकारीको १० दिनको मात्रै समय राखेर आवेदन माग गर्दा विश्वविद्यालयको विकासको प्रष्ट दृष्टिकोण बनाउन र प्रस्तुतिको समयको सहजता कस्तो होला ? यसरी माग गरिएको आवेदन मात्र कागजी हुने हो कि ? यसरी नियुक्त भएका उपकुलपतिमाथि राजनीतिक र सरकारको रवैया कस्तो होला ? राजनीतिक हस्तक्षेप अझै बढेर विश्वविद्यालयको स्वायत्त गरिमामा झनै आँच पो आउने हो कि भन्ने प्रश्नहरू चाहिँ सामाजिक सञ्जालमा देखिन थालेका छन्।

शिक्षा मन्त्रालयकै वेबसाइटमा हेर्ने हो भने पनि अध्यादेशबाट रिक्त पदहरूमा पदपूर्ति गर्न यस अगाडिकै सरकारहरूले बनाएका विभिन्न कार्यविधिहरू देख्न पाइन्छ। यस पटकको कार्यविधिको विशेष व्यवस्था के हो ? पूर्वशिक्षा मन्त्री महावीर पुनले ल्याउन खोजेको अध्यादेश जस्तो विश्वविद्यालयको कुलपति नै प्राज्ञिक व्यक्ति हुनुपर्ने र वोर्ड अफ ट्रस्टीबाट विश्वविद्यालय चलाउने भन्ने जस्तो कुरा हालको अध्यादेशमा किन अट्न सकेन ?

पहिले पनि यही सिफारिस समिति यस्तै थियो। कार्यविधि उस्तै थियो भने अहिलेको प्रक्रिया कसरी क्रमभङ्गता भयो ? न अन्तर्राष्ट्रिय विज्ञताको लागि खुला गर्न सकियो न राजनीतिक आबद्धता फेर्न सकियो ? फरक यत्ति देखियो, पहिले ओली-देउवा-दाहाल हाबी थिए। अब रवि-बालेन हाबी होलान्। हिजो गठबन्धनबीचको भागबण्डाले निर्णय गर्ने गरेको थियो, आज शक्तिशाली सरकारको एकलौटी निर्णय होला।

हालसालै प्रधानन्यायाशीध सिफारिस भएका व्यक्तिसमेत न्यायाधीश नियुक्त भएको बेला कृतज्ञता ज्ञापन गर्न पार्टी कार्यालय गएका समाचारहरू आइरहँदा अब बन्ने उपकुलपतिहरूको राजनीतिक स्वच्छताको मापन कसरी गर्ने ? वैज्ञानिक डा. उत्तमबावु श्रेष्ठले सामाजिक सञ्जालमा व्यक्त गर्नुभएको धारणाअनुसार विद्यावारिधि, अनुसन्धान र प्राध्यापन जस्ता कुरा प्राध्यापक बन्न जरुरी हुन्। प्राध्यापकको प्रवेश बिन्दु हुनुपर्ने योग्यता राखेर नेतृत्वको मापदण्ड बनाउँदा त्यसमा नवीनता कसरी भयो ? उही विधि र प्रक्रिया राखेर पुराना राम्रा भएनन्, त्यो भन्दा योग्य आउन् भन्ने कुरा यही संरचनामा कसरी सम्भव होला ?

हुन त, विश्वविद्यालय स्वायत्त संस्था रहेको भए तापनि यसको नेतृत्व चयन पछाडि विश्वविद्यालय भित्रका दलीय संगठनको कारण भएको राजनीतिक हस्तक्षेप/सहभागिताका कारण चाहिँ धेरै आलोचित भएका हुन्। विश्वविद्यालयभित्र दलीय संगठन हटाउने कुरा, विश्वविद्यालयको अनियमितता छानबिन गर्ने कुरा, अतिक्रमित जग्गा फिर्ता गर्ने कुरा स्वागतयोग्य हुन्।

लामो समयदेखि अल्झिरहेका मुद्दाहरू जस्तो- कृषि तथा वन विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयबीचको सर्वोच्च अदालतले नै फैसला गरेको जग्गासम्बन्धी लामो विवाद सुल्झाउने जस्ता विश्वविद्यालय सुधारका लागि गर्नुपर्ने थुप्रै कामहरू नहेरी व्यक्ति फेर्ने कदममा बालेन सरकार यति धेरै आक्रमक बन्नु किन परेको हो ? के सरकार बनेको एक महिनामै यति धेरै विश्वविद्यालयका पदाधिकारीले एक साथ सहयोग नगरेको महसुस भएको हो ? के यस्तै अवस्थामा योग्य प्राध्यापकहरू लाइन लागेर निवेदन दिन जालान् त ? पुराना राजनीतिक दलसँगको आबद्धता भयो भन्ने पूर्वाग्रहले मात्रै विश्वविद्यालय लक्षित कदमहरू आएका हुन् भने बालेन सरकारको यो ऐतिहासिक गल्ती हुनेछ।

जनशक्तिको राष्ट्रिय आवश्यकता मूल्यांकन नगरी हचुवा र प्रभावका आधारमा स्थापना गरिएका सबै विश्वविद्यालयहरू हामीलाई जरुरी छन् ? सरकारी लगानीका यतिका विश्वविद्यालय हुँदाहुँदै नेपाली युवाहरू प्लस टु नसकी विदेशिन किन हतारिँदै छन् ? अझै पनि विश्वविद्यालयको नेतृत्व तरमारा वर्गका पुरुषहरूको कब्जामा मात्र किन छ ? हाम्रा विश्वविद्यालयले उद्योगी किन उत्पादन गर्न सकेनन् ?

यदि विश्वविद्यालयको समस्याको साँच्चै चिरफार गर्न खोजेको हो भने यस्ता विषयहरू मात्र नभई ऐतिहासिक आयामदेखि नै अध्ययन जरुरी छ। नेपालको उच्च शिक्षा प्रणालीको ऐतिहासिक आयाम संस्कृतमा आधारित गुरुकुल शिक्षा र बौद्ध दर्शनमा आधारित थियो। पछि राणाहरूले अंग्रेजी शिक्षाबाट प्रभावित भई आफ्ना सन्तानहरूलाई अंग्रेजी शिक्षा दिलाउने हेतुले दरबार हाइस्कुल र त्रिचन्द्र क्याम्पस स्थापना गरेसँगै पश्चिमी शैलीको शिक्षामा रुपान्तरित हुँदै गएको देखिन्छ।

नेपालको औपचारिक उच्च शिक्षाले २००७ सालमा प्रजातन्त्रको स्थापनाबाट मात्रै गति लिएको देखिन्छ भने सुरुवातीबाटै उच्च शिक्षा विकासमा भारत, चीन, रसिया, बेलायत, अमेरिका जस्ता देशहरूको योगदान/प्रभाव देख्न सकिन्छ। २०१२ सालमा विभिन्न क्षेत्रका ४७ जना विज्ञ सम्मिलित राष्ट्रिय शिक्षा आयोगले सरकारी तहबाट शिक्षाको विकास मोडेल तयार गर्न बुझाएको प्रतिवेदन हेर्ने हो भने पनि उक्त प्रतिवेदन पश्चिमा विश्वविद्यालयका मान्यताहरूबाट प्रभावित भएको पाइन्छ।

२००८-२०१५ सालसम्म काठमाडौं उपत्यकामा ७ वटा, पूर्वी नेपालमा ६, पश्चिम नेपालमा ३ र वीरगञ्जमा १ गरी १७ वटा

बाँकी पृष्ठ ३मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# पाइलट कसरी बन्ने, तालिममा कति खर्च लाग्छ र तलब कति पाइन्छ ?



हालै उड्डयन क्षेत्रमा जे-जे भयो, त्यो सबैले देखेका छन् । पाइलट अभाव, विमानस्थलमा लामो लाइन, उडान रद्द, यात्रुहरूको सास्ती, एकाधिकारको आरोप र कम्पनीहरूको स्पष्टीकरण ।
तर आज चर्चा त्यसको होइन, रोजगारीको गर्नेछौं ।
भारतमा उड्डयन क्षेत्र अर्थतन्त्रको तीव्र रूपमा विस्तार भइरहेको क्षेत्र हो । भारतीय अर्थतन्त्रमा ५.३६ करोड अमेरिकी डलरको योगदान र ७५ लाखभन्दा बढी रोजगारी यसको प्रमाण हुन् ।
सन् २०२४ मा मात्रै नागरिक उड्डयन महानिर्देशनालय (डीजीसीए)ले १ हजार ३ सयभन्दा बढी कमर्सियल पाइलट लाइसेन्स जारी गरेको थियो । अर्थात्, त्यति संख्यामा नयाँ पाइलट यस क्षेत्रमा थपिएका थिए ।
'करियर कनेक्ट'को यस शृंखलामा हामी त्यही पेशाको कुरा गर्दैछौं, जसको सपना जमिनमा उभिएर देखिन्छ, तर पूरा आकाशमा हुन्छ– अर्थात् पाइलट बन्ने सपना ।

### *ककपिटसम्मको यात्रा कसरी सुरु हुन्छ ?*

सबैभन्दा पहिले मनमा उठ्ने प्रश्न हो– पाइलट कसरी बन्ने ?
एक चर्चित एयरलाइन्स कम्पनीसँग आबद्ध पाइलटका अनुसार भारतमा पाइलट बन्न दुईवटा बाटा छन् । एउटा पुरानो परम्परागत प्रक्रिया र अर्को एयरलाइन्स कम्पनीहरूको 'क्याडेट पाइलट प्रोग्राम' ।
दुवै प्रक्रियाका लागि उमेर कम्तीमा १८ वर्ष हुनुपर्छ । साथै, भौतिकशास्त्र र गणित विषयसहित कक्षा १२ मा कम्तीमा ५० प्रतिशत अंक ल्याएको हुनुपर्छ ।
यदि कोही कमर्स वा आर्ट्स पृष्ठभूमिबाट आएका छन् भने, उनीहरूले नेशनल इन्स्टिच्युट अफ ओपन स्कुलिङ वा कुनै राज्य बोर्डको खुला परीक्षामार्फत कक्षा १२ को भौतिकशास्त्र र गणित परीक्षा उत्तीर्ण गर्नुपर्छ ।
भारतमा उड्डयन नियामक निकाय डीजीसीए (डाइरेक्टरेट जनरल अफ सिभिल एभिएसन) हो । डीजीसीएले देशभरका केही चिकित्सकलाई पाइलट तालिमका लागि आवश्यक स्वास्थ्य परीक्षण गर्न मान्यता दिएको हुन्छ ।
पाइलट तालिम सुरु गर्नुअघि विद्यार्थीले 'क्लास-२ मेडिकल सर्टिफिकेट' लिनुपर्छ । यो डीजीसीएबाट स्वीकृत चिकित्सकले प्रदान गर्छन् र व्यक्तिको स्वास्थ्य तालिमका लागि उपयुक्त छ वा छैन भन्ने निर्धारण गर्छन् ।
त्यसपछि 'क्लास-१ मेडिकल परीक्षा' हुन्छ, जुन डीजीसीएले गराउँछ र भारतीय वायुसेनाबाट स्वीकृत चिकित्सकले परीक्षण गर्छन् ।
कमर्सियल पाइलट लाइसेन्स (सीपीएल) प्राप्त गर्न यो प्रमाणपत्र अनिवार्य हुन्छ । यसमा आँखा, ईसीजी, रगत परीक्षण, नाक-कान-घाँटी परीक्षण आदि समावेश हुन्छन् ।
यी दुवै स्वास्थ्य परीक्षणमा करिब १० हजार भारतीय रुपैयाँ खर्च हुन्छ । तर, यदि कसैलाई रङ छुट्याउन नसक्ने समस्या (कलर ब्लाइन्डनेस) छ भने उनी पाइलट बन्न सक्दैनन् । साथै, प्रारम्भिक रक्त वा पिसाब परीक्षणमा असफल भए पनि पाइलट बन्न पाइँदैन ।

### *त्यसपछि के हुन्छ ?*

सबै योग्यता पूरा गरेपछि डीजीसीएको सीपीएल परीक्षा दिनुपर्छ । यो परीक्षा प्रायः वर्षमा चार पटक सञ्चालन हुन्छ ।
परीक्षा उत्तीर्ण गरेपछि तालिम दुई भागमा विभाजित हुन्छ– ग्राउन्ड ट्रेनिङ र फ्लाइङ ट्रेनिङ ।
ग्राउन्ड ट्रेनिङ पाइलट तालिमको शैक्षिक चरण हो । यसमा मौसम विज्ञान, हवाई नियम, नेभिगेसन, रेडियो टेलिफोनी, प्राविधिक विषय आदि पढाइन्छ ।
यी लिखित परीक्षामा कम्तीमा ७० प्रतिशत अंक ल्याउन अनिवार्य हुन्छ ।
त्यसपछि विद्यार्थीहरू डीजीसीएबाट मान्यता प्राप्त विभिन्न फ्लाइङ ट्रेनिङ अर्गनाइजेसन (एफटीओ)मा भर्ना हुन्छन्, जहाँ उनीहरूले २०० घण्टाको उडान अनुभव हासिल गर्छन् ।

### *क्याडेट पाइलट प्रोग्राम के हो ?*

दोस्रो बाटो एयरलाइन्स कम्पनीहरूले सञ्चालन गर्ने 'क्याडेट पाइलट प्रोग्राम' हो । विशेषज्ञहरूका अनुसार, यदि कसैले आफ्नो उड्डयन करियर एयरलाइन्स क्याडेट प्रोग्रामबाट सुरु गर्छ भने त्यसमा निश्चित पाठ्यक्रमअनुसार सैद्धान्तिक र व्यावहारिक दुवै तालिम दिइन्छ ।
यसमा उड्डयनसम्बन्धी आधारभूत ज्ञान गहिराइमा पढाइन्छ र साझेदार फ्लाइट ट्रेनिङ संस्थामा व्यावहारिक उडान अभ्यास गराइन्छ ।
यो एकीकृत तालिम उद्योगको आवश्यकता अनुसार दक्ष पाइलट तयार गर्न बनाइएको हो ।
उदाहरणका लागि, एयर इन्डियाको क्याडेट पाइलट प्रोग्रामअन्तर्गत विद्यार्थीलाई एयर इन्डिया फ्लाइङ ट्रेनिङ एकेडेमीसँगै उसका दुई अन्तर्राष्ट्रिय साझेदार विद्यालयमा सीपीएल तालिम र 'टाइप रेटिङ' प्रदान गरिन्छ ।
फ्लाइट तालिमका क्रममा साना विमान उडाउन सिकाइन्छ । तर, यात्रुवाहक ठूला विमान उडाउनका लागि थप 'टाइप रेटिङ' लाइसेन्स आवश्यक पर्छ ।
एयर इन्डियाको तालिम एकेडेमी महाराष्ट्रको अमरावतीमा छ भने उसका दुई साझेदार विद्यालय अमेरिका स्थित छन् ।

### *फ्लाइट तालिममा कति खर्च लाग्छ ?*

लिखित परीक्षा उत्तीर्ण गर्न कम्तीमा ६ महिना लाग्छ । त्यसपछि फ्लाइट तालिम सुरु हुन्छ ।
विद्यार्थीले भारत वा विदेश– जुनसुकै देशमा तालिम लिन सक्छन् ।
विमानमा काव्यात्मक शैलीमा घोषणा गरेर चर्चित बनेका क्याप्टेन मोहित हाल एक एयरलाइन्स कम्पनीमा प्रशिक्षकका रूपमा कार्यरत छन् । उनी 'पोएटिक पाइलट' नामक तालिम एकेडेमी पनि सञ्चालन गर्छन् ।
उनका अनुसार धेरैजसो विद्यार्थी भारत, अमेरिका वा दक्षिण अफ्रिका रोज्छन् । केही भने क्यानाडा पनि जान्छन् ।
उनले भने, "तपाईंले कहाँबाट तालिम लिनुभयो भन्ने कुराले खास फरक पर्दैन । डीजीसीएको लिखित परीक्षा पास गर्नैपर्छ । एयरलाइन्स कम्पनीहरूले पनि कुनै विशेष देशको तालिमलाई प्राथमिकता दिँदैनन् । मुख्य कुरा भारतीय पाइलट लाइसेन्स हुनु हो ।"
भारतका राम्रो संस्थामा यो तालिम १४-१५ महिनामा पूरा हुन्छ र करिब ५०-५५ लाख भारतीय रुपैयाँ खर्च लाग्छ ।
अमेरिकामा यो तालिम १० महिनामा पूरा हुन्छ र खर्च करिब ५०-५२ लाख रुपैयाँ हुन्छ ।
दक्षिण अफ्रिकामा १२-१४ महिनाको कोर्सका लागि ३५-४० लाख रुपैयाँ खर्च लाग्छ । क्याप्टेन मोहितका अनुसार, "यो विश्वविद्यालयको कोर्सजस्तो होइन, जहाँ सबैले निश्चित समयमै पढाइ सक्नुपर्छ । यहाँ मुख्य कुरा २०० घण्टाको उडान अनुभव हो । कसैले १० महिनामा पूरा गर्छन् भने कसैलाई अझ बढी समय लाग्न सक्छ ।"

### *तालिमपछि जागिर कसरी पाइन्छ ?*

तालिम पूरा गरेपछि एयरलाइन्स कम्पनीहरूले खुलाउने पाइलट भर्नाका लागि आवेदन दिन सकिन्छ ।
कुनै पाइलट एयरलाइन्समा प्रवेश गर्दा उनको पहिलो पद 'फर्स्ट अफिसर' हुन्छ । उनी कप्तानसँग सह-पाइलटका रूपमा काम गर्छन् ।
कप्तान बन्नका लागि 'एयरलाइन ट्रान्सपोर्ट पाइलट लाइसेन्स' (एटीपीएल) आवश्यक पर्छ ।
यसका लागि डीजीसीएको परीक्षा पास गर्नुपर्छ । यसमा नेभिगेसन, रेडियो नेभिगेसन, मौसम विज्ञानजस्ता विषय हुन्छन् । साथै, कम्तीमा १,५०० घण्टाको उडान अनुभव आवश्यक पर्छ ।
भर्ना खुल्नेबित्तिकै आवेदन दिनुपर्छ र सम्बन्धित एयरलाइन्स कम्पनीले छुट्टै लिखित परीक्षा लिन्छ । यो डीजीसीएको परीक्षाभन्दा फरक र पूर्ण रूपमा मेरिटमा आधारित हुन्छ ।
क्याप्टेन मोहित भन्छन्, "यदि एयरलाइन्सलाई ३०० पाइलट चाहिएको छ र परीक्षा १,००० जनाले दिएका छन् भने सबैभन्दा बढी अंक ल्याउनेहरूलाई मात्र अर्को चरणका लागि बोलाइन्छ । डीजीसीएको परीक्षामा ७० अंक ल्याउनु अनिवार्य भए पनि ८० वा ९० ल्याएकालाई छुट्टै सुविधा भने हुँदैन ।"बीबीसीबाट

## कस्ता विश्वविद्यालय........

कलेज स्थापना भएका थिए । तर यस्ता कलेजका कार्यक्रमहरू भारतको पटना विश्वविद्यालयले निर्देशित गर्ने गरेको पाइन्छ । संस्कृतसँग सम्बन्धित क्यापसहरूमा वनारस हिन्दू विश्वविद्यालयको प्रभाव पाइन्छ ।

२०१६ सालमा तत्कालीन राजा महेन्द्र, सरकार र राजनीतिक नेतृत्वको पहलमा राजा त्रिभुवनको नाममा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो । देशकै जेठो यो विश्वविद्यालयको इतिहास हेर्ने हो भने सुरुवाती चरणमा अमेरिकी विश्वविद्यालयबाट सहजीकरण भएको देखिन्छ । त्रिभुवन विश्वविद्यालयको मूल्यांकनमा भारतीय र बेलायती प्रभाव तथा पाठ्यक्रममा पश्चिमी प्रभाव रहेको पाइन्छ ।

उपकुलपति विश्वविद्यालयको प्राज्ञिक विशिष्टतामा उचाइ दिन सक्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छवि प्रबर्द्धन गर्ने, सबै सरोकारवालाको अपनत्वको भावना विकास गर्न सक्ने हुनुपर्छ । त्यसैगरी बदलिँदो परिस्थितिमा प्रष्ट दृष्टिकोण, नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने र विश्वविद्यालयमा कार्यरत सबैको व्यक्तिगत र संस्थागत विकासको लागि प्रोत्साहन गर्ने खालको नेतृत्व जरुरी देखिन्छ ।

पुराना प्रतिवेदनहरू हेर्ने हो भने, थुप्रै विदेशी विज्ञहरूले समेत विश्वविद्यालयको विकासमा योगदान गरेको देखिन्छ । त्यसैले नेपाली मूलका विज्ञहरू विश्वभरि नै प्रतिष्ठित हुँदै गइरहेको अहिलेको अवस्थामा विश्वविद्यालयको नेतृत्व गर्न नागरिकता पनि बाधक बन्नु हुँदैन । त्यसको लागि प्राथमिकता र उद्देश्य प्रष्ट हुनुपर्‍यो ।

विश्वस्तरमा हेर्ने हो भने, अन्तर्राष्ट्रिय व्यक्तित्वलाईसमेत निश्चित उद्देश्य प्राप्त गर्न विश्वविद्यालयको नेतृत्व सुम्पिएका उदाहरणहरू पाइन्छन् । उदाहरणका लागि दक्षिण कोरियाको विज्ञान विषयमा प्रतिष्ठित किस्टमा स्टानफोर्ड विश्वविद्यालयका प्रसिद्ध नोवेल पुरस्कार प्राप्त भौतिकशास्त्री प्रा.डा. रोवोर्ट लाफलिनले विश्वस्तरिय अनुसन्धानको केन्द्र बनाउने लक्ष्यका साथ अन्तर्राष्ट्रिय अध्यक्षको रूपमा काम गरेका थिए ।

चुनावका बेला मौलिक संरचना र सभ्यताको पक्षपोषण गरेर लोकप्रियता कमाएका बालेन शाह नेपालमा मौलिक शिक्षा प्रणाली लागु गर्न चाहन्छन् वा पश्चिमा विश्वमा प्रचलित प्रविधिमा विश्वस्तरका देखिने विश्वविद्यालय चाहन्छन् ? पौराणिक संस्कारको पुनरावृत्ति गर्न खोजेको कि, मौलिक शिक्षा प्रणालीको विकास गर्न खोजेको कि वा विश्वको वरियतामा पुग्न सक्ने विश्वविद्यालयको परिकल्पना गरेको हो ?

नेपाललाई योगी नरहरिनाथले भने जस्तै सनातनी मूल्यमा आधारित उच्च शिक्षा दिने देश बनाउन खोजेको कि प्रविधिमा द्रुत गतिमा फड्को मार्ने राष्ट्र ? हामीले उच्च शिक्षामा नेपालका सनातनी मौलिकताका प्रविधि, विविधतालाई नै उत्कृष्टतामा लैजाने कि पश्चिमी गतिलाई नै बढावा दिने ? त्यसको बारेमा सघन छलफल नगरी नेपाली विश्वविद्यालयले पश्चिमा विश्वको लागि जनशक्ति उत्पादन गरिरहने बाध्यताबाट मुक्ति मिल्ने देखिँदैन ।

त्यसैले नेपालको शिक्षालाई कुन दिशामा लैजाने भन्ने सघन बहस जरुरी छ । अहिलेलाई भने विश्वविद्यालयको नेतृत्व कस्तो आउला र कस्तो गति देला भन्ने हेर्न भने केही समय पर्खनै पर्ने हुन्छ । आशा गरौं, नेपालका विश्वविद्यालयहरूले मौलिकता सुहाउँदो नेतृत्व प्राप्त गरुन् र नेपालको मौलिक धरातललाई सुधार गर्दै विश्वस्तरको उत्कृष्टता विस्तार गर्न सकुन् ।

*(डा.पौडेल त्रिभुवन विश्वविद्यालयकी उपप्राध्यापक तथा कृषि वैज्ञानिक हुन् ।)*

## अभिनेता विजय...........

भारतीय राजनीतिका प्रभावशाली नेता राहुल गान्धी पनि उपस्थित रहेका थिए । सो क्रममा विजयले निर्धारित सपथ वाक्यांशभन्दा बाहिरका केही अभिव्यक्ति दिन थालेपछि राज्यपाल अर्लेकरले उनलाई बीचमै सचेत गराउँदै निर्धारित शब्दमा मात्र सीमित रहन आग्रह गरेका थिए ।

विजयसँगै ९ जना मन्त्रीहरूले पनि सपथ लिएको जनाइएको छ । उनीहरू सबै टीभीकेका निर्वाचित विधायक हुन् । सपथ लिने मन्त्रीहरूमा एन आनन्द, आधव अर्जुन, डा. केजी अरुणराज, केए सेङ्गोट्टैयन, पी वेंकटरमणन, आर निर्मलकुमार, राजमोहन, डा. टीके प्रभु र सेल्वी एस कीर्तना रहेका छन् । यसैबीच, टीभीकेका नेता एमवी करुप्पैयालाई प्रोटेम स्पीकर नियुक्त गरिएको छ । राज्यपाल अर्लेकरले मुख्यमन्त्री विजयलाई आगामी मे १३ भित्र विश्वासको मत हासिल गर्न निर्देशन दिएका छन् ।

पदभार ग्रहणपछि विजयले केही महत्त्वपूर्ण निर्णयहरूमा हस्ताक्षर गरेको बताइएको छ । उनले २०० युनिटसम्म निःशुल्क विद्युत् उपलब्ध गराउने, महिला सुरक्षा दल गठन गर्ने तथा लागुऔषध नियन्त्रणका लागि विशेष एन्टी-ड्रग्स स्क्वाड स्थापना गर्ने निर्णय गरेका छन् ।

नयाँ सरकार गठनसँगै विजयले जनमुखी कार्यक्रम अघि बढाउने संकेत दिएको बताइएको छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# ‘नेपालमा खपत भएर बढी भएको विद्युत मात्रै अन्तर्राष्ट्रिय बजारमा बेच्नू’

दैनिक समाचारदाता
काठमाडौं २७ वैशाख । सर्वोच्च अदालतले अन्तरदेशीय विद्युत व्यापार गर्दा स्वदेशमा हुने खपतको कटौती नगर्नू भनी सरकारलाई आदेश दिएको छ । नेपाल र भारतबीच दुई वर्षअघि भएको विद्युत खरिदबिक्री व्यापारसम्बन्धी सम्झौताविरुद्ध परेको मुद्दामा निर्देशनात्मक आदेश जारी गर्दै सर्वोच्च अदालतले स्वदेशमा पर्याप्त खपत भएपछि बाँकी रहेको विद्युत बिक्री गर्नु भनी सरकारलाई निर्देशनात्मक आदेश दिएको हो ।

शुक्रबार प्रकाशित भएको एवं २० कार्तिक २०८१ मा भएको फैसलाको पूर्णपाठमा सर्वोच्च अदालतले भनेको छ, ‘स्वदेशी खपतमा कुनै कटौती वा प्रतिकुल असर नपर्ने गनी विद्युत बिक्री गर्नू/गराउनू ।’

नेपाल र भारतबीच भएको विद्युत खरिद सम्झौता प्राकृतिक स्रोतसाधनको बाँडफाँड सम्बन्धी सम्झौता रहेको र त्यो संघीय संसदको दुई तिहाइ मतबाट अनुमोदन हुनुपर्ने माग राखी सूर्यनाथ उपाध्याय लगायतका व्यक्तिहरु सर्वोच्च अदालत गएका थिए ।

त्यही मुद्दाको फैसलामा सर्वोच्च अदालतले रिट निवेदन खारेज गर्दै केही निर्देशनात्मक आदेश जारी गरेको हो । उक्त निर्देशनात्मक आदेश मार्फत सर्वोच्च अदालतले नेपालमा खपत भएपछि मात्रै विद्युत विक्री गर्नू भनी सरकारलाई आदेश दिएको हो ।

१९ पुस, २०८० मा नेपाल र भारतबीच दीर्घकालीन विद्युत खरिदबिक्री सम्झौता भएको थियो । पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेलाको सम्झौताले दुवै देशबीच विद्युत खरिद र बिक्री गर्ने बाटो खुला गरेको थियो ।

उर्जालाई नै केन्द्रमा राखेर जलाशय र जलाशययुक्त




आयोजना सञ्चालन गरेर नेपालले कुनै पनि लाभ पाउन नसक्ने अवस्था सिर्जना गरेको दावी सहित रिट निवेदनमा उक्त सम्झौतामा ट्रान्समिसन पूर्वाधार पनि भारतको नियन्त्रणमा हुने व्यवस्था गरेको जिकिर छ ।

सम्झौता अनन्तकालसम्म लागू हुने र नेपालको अहित खालको व्यवस्था त्यसमासमावेश गरिएको भन्दै संसद्बाट अनुमोदन गराउन माग थियो । नेपालको समृद्धिका लागि आर्थिक वृद्धि अनिवार्य रहेको र त्यसका लागि आगामी २० वर्षमा स्वदेशभित्रै करिव ५० हजार मेगावाट विद्युत खपत हुनसक्ने भन्दै रिट निवेदनमा विद्युत बिक्रीको सम्झौताले नेपालमा नै विकासको सम्भावना अवरुद्ध हुने जिकिर गरिएको थियो । रिट निवेदनमा उक्त सम्झौता कार्यान्वयन नगर्न आदेश जारी हुनुपर्ने माग थियो । विद्युत व्यापार खरिद बिक्री सम्झौता संविधानको धारा २७९ बमोजिम संसदबाट अनुमोदन गर्नुपर्ने खालको हो कि होइन भन्ने प्रश्नमा केन्द्रित भएर सर्वोच्च अदालतले मुद्दाको फैसला गरेको छ ।

तत्कालीन प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत सहित न्यायाधीशहरु सपना प्रधान मल्ल र महेश शर्मा पौडेलको इजलासले उक्त मुद्दाको फैसला गरेको थियो ।

संविधानको धारा २७९ मा शान्ति मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध, नेपाल राज्यको सिमाना र प्राकृतिक स्रोत तथा उपयोगको बाँडफाँडसँग सम्बन्धित सन्धि वा सम्झौतालाई संघीय संसद्को दुई तिहाई बहुमतबाट अनुमोदन गर्नुपर्ने व्यवस्था छ ।

सर्वोच्च अदालतले फैसलाको पूर्णपाठमा भनेको छ, ‘प्रस्तुत सम्झौता जलस्रोतको बाँडफाँड नभई केवल जलविद्युत व्यापार क्षेत्रसँग सम्बन्धित रहेको र प्रसारण पूर्वाधारलाई बढावा दिने भएकोले प्रस्तुत सम्झौताबाट प्राकृतिक स्रोतको बाँडफाँड हुने भनी मान्रुन मिल्ने देखिएन ।’ दुवै राज्यले विद्युतीय कारोबार गर्ने प्रतिवद्धतालाई दस्तावेजीकरण गरेको देखिएको भनी सर्वोच्च अदालतले यसअघिका सम्झौताहरुमा पनि विद्युत खरिदबिक्री सम्झौतालाई प्राकृतिक स्रोतसाधनको बाँडफाँडसँग जोडेर हेर्न नमिल्ने व्याख्या गरेको हो ।

सर्वोच्चले आफ्नो निष्कर्षमा भनेको छ, ‘त्यो सम्झौता दुई मुलुकबीच दीर्घकालिन विद्युतीय व्यापार प्रवर्धन गर्ने उद्देश्यले तयार भएको थियो ।’ उक्त सम्झौताले जलविद्युतको विकास र उपयोगमा दुई देशबीचको व्यापार कारोबारबाट हुनसक्ने करारको प्रकृतिको देखिएको सर्वोच्चको व्याख्या छ ।

‘विद्युत भनेको पानीको रुपमा रहेको प्राकृतिक स्रोतबाट भएको उत्पादन हो, जो स्वयंमा प्राकृतिक स्रोत होइन’ फैसलाको पूर्णपाठमा भनिएको छ, ‘विद्युतलाई प्राकृतिक स्रोत मान्ने हो भने भूमिबाट उत्पादित अन्नलाई पनि प्राकृतिक स्रोत मान्नुपर्छ र त्यसको निकासी रोक्नुपर्ने दिन आउनसक्छ ।’

विद्युत खरिदबिक्री सम्झौता प्राकृतिक स्रोतको बाँडफाँड नभएकाले संघीय संसदबाट अनुमोदन गर्न नपर्ने सर्वोच्च अदालतको व्याख्या हो । त्यतिबेला सरकारले उक्त सम्झौता गर्न उर्जा सचिवलाई अख्तियारी दिने निर्णय गरेको थियो । सर्वोच्च अदालतले अधिकार पाएको व्यक्तिले हस्ताक्षर गर्नुलाई स्वभाविक भनेको हो ।

सम्झौतामा रहेका प्रावधानबाट दुई देशबीच विद्युत व्यापार, पूर्वाधार विकास र विद्युतमा लगानी प्रवर्द्धन गर्ने लक्ष्य रहेको भन्दै सर्वोच्च अदालतले फैसलामा भनेको छ, ‘नेपालमा खपत नभई बढी भएको हदमा मात्र भारतलाई सो १० हजार मेगावाट बिक्री गर्ने अर्थमा सम्झौतालाई बुझ्नुपर्ने हुन्छ ।’ रिट निवेदन खारेज गरेपछि सर्वोच्च अदालतले सरकारलाई केही निर्देशनात्मक आदेश दिएको छ । सर्वोच्च अदालतले सरकारबाट स्वीकृत सन्धिहरूको सूचना संघीय संसद्मा पठाउनू भनेको छ । अनि सम्झौताहरुलाई राजपत्रमा प्रकाशित गर्नू भनी आदेश दिएको छ ।

सर्वोच्चले विद्युत व्यापार, ग्रीड जडान र प्रसारण पूर्वाधारको विस्तार गर्दा राष्ट्रिय हित प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय समन्वय गर्नू भनेको छ । निर्देशनात्मक आदेशमा नै स्वदेशी खपतमा कुनै कटौती वा प्रतिकूल असर नपर्ने गरी विद्युत बिक्री गर्नू/गराउनू भनी आदेश दिएको हो । सर्वोच्चले निर्देशनात्मक आदेशमा भनेको छ, ‘सम्झौता कार्यान्वयन गर्दा प्राकृतिक स्रोतको बाँडफाँड हुने स्थिती आएमा संविधान बमोजिम संसद्बाट अनुमोदन गर्नू ।’

## ३१ चालकको लाइसेन्स निलम्बन प्रक्रियामा



दैनिक समाचारदाता
काठमाडौं २७ वैशाख । ट्राफिक प्रहरीले पटक(पटक नियम उल्लङ्घन गर्ने ३१ जना सवारी चालकको लाइसेन्स निलम्बन गर्न यातायात कार्यालयमा पत्राचार गरेको छ ।

आइतबार आयोजित पत्रकार सम्मेलनमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारीले एउटै कसुरमा पाँच पटकभन्दा बढी कारबाहीमा परेका चालकको लाइसेन्स निलम्बनका लागि सिफारिस गरिएको जानकारी दिए ।

उनका अनुसार ट्राफिक नियमको बारम्बार उल्लङ्घन गर्ने चालकलाई कडाइका साथ निगरानी र कारबाही गर्ने अभियान जारी रहेको छ ।

यसैबीच, सार्वजनिक यातायातका सवारीसाधनमा सीसीटीभी जडान अनिवार्य गरिएको पनि प्रहरीले जनाएको छ ।

## ‘सच्चा कम्युनिस्टबीच एकताको आवश्यकता बढ्यो’ : प्रचण्ड



दैनिक समाचारदाता
काठमाडौं २७ वैशाख । नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सच्चा कम्युनिस्टबीच एकताको आवश्यकता अझ बढ्दै गएको बताएका छन् ।

२६औँ निर्मल लामा स्मृति सभालाई आइतबार काठमाडौंमा सम्बोधन गर्दै उनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन बहस, विवाद, विभाजन र एकताको प्रक्रियाबाट अघि बढ्दै आएको बताए ।

‘अन्तर्राष्ट्रिय रूपमा पनि ठूला बहस, विवाद, विभाजन र एकताको शृङ्खला चल्दै आएको छ,’ प्रचण्डले भने, ‘सच्चा कम्युनिस्टबीच एकताको आवश्यकता अहिले झन् विशेष रूपमा बढेको छ ।’

उनले देशमा साम्राज्यवादी हस्तक्षेप बढ्दै गएको र मुलुक अप्ठ्यारो अवस्थामा पुगेको दाबी गरे । गत निर्वाचनमा कम्युनिस्ट शक्तिलाई कमजोर बनाउने उद्देश्यसहित विभिन्न खेल भएको उल्लेख गर्दै उनले त्यसबारेका तथ्य अझै सतहमा नआएको बताए ।

‘पर्दाभित्र के(के भएका थिए, अनुसन्धान हुँदै जाला,’ उनले भने । प्रचण्डले कम्युनिस्ट शक्तिलाई सखाप पार्न देशी(विदेशी शक्ति सक्रिय रहेको आरोप समेत लगाए ।

## अदालतको आदेशपछि पनि डोजर चल्नु गलत: रवि लामिछाने

दैनिक समाचारदाता
काठमाडौं, २७ वैशाख । रास्वपाका सभापति रवि लामिछानेले अदालतको आदेशपछि पनि सुकुमवासी बस्तीमा डोजर चल्नु गलत भएको बताएका छन् ।

रास्वपाका सांसदलाई प्रशिक्षणपछि पत्रकारसँग कुरा गर्दै सभापति रवि लामिछानेलाई अदालतको आदेशपछि पनि डोजर किन चलाउनु भएको ? भनि प्रश्न गरेका थिए । लामिछानेले अदालतको आदेश मान्नुपर्ने बताउँदै भने,‘त्यो मान्नुपर्दछ । हरेकले मान्नुपर्दछ ।’

अहिलेपनि डोजर चलिरहेको बारे पत्रकारले सोधेपछि उनले




भने,‘त्यो गलत भयो, गलत भयो ।’ सर्वोच्च अदालतले सुकुमवासी बस्तीमा डोजर नचलाउन सरकारलाई शुक्रबार आदेश दिएको थियो ।

सुकुमवासी वस्तीमा डोजर चलाउँदा दुई जनाले आत्महत्या गरेको तर रास्वपा सभापतिले संवेदना नराखेको भन्दै पत्रकारले थप प्रश्न गरेका थिए । जवाफमा लामिछानेले भने,‘म के भनिरहेको छु भने कोहि पनि घरबार विहिन हुनुपर्दैन । प्रक्रियामा यो भन्दा राम्रो हुन सक्थ्यो होला यो पनि मैले भनिसकेको छु । अन्तत गर्दा यसलाई समाधान त गर्नु पर्ला नि । अन्तिममा गन्तव्यमा पुग्दा कसैले पनि मलाई अन्याय परेछ भने भन्नु ।’ सुकुमवासी समस्या समाधान गर्न सरकारले नीति बनाएको र त्यही अनुसार अघि बढेको लामिछानेले जानकारी गराए ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४